जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २७४ २०८२ साल जेठ २३ गते शुक्रबार (6 June 2025 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : अब हुलाक टिकटमा रायोको ... ३ पृष्ठमा : प्लास्टिक प्रयोग : एक ... ३ पृष्ठमा : बाइडेनको स्वास्थ्यमा आएको ...

## कोशी नदीमा उद्दारकला र पूर्वअभ्यासमा सहभागि दुई सशस्त्र प्रहरी बेपत्ता



**दैनिक समाचारदाता**
**राजविराज, २२ जेठ।**

बाढी पहिरो आएको बेला फँसेकाहरुलाई कसरी जोगाउने बारे सचेतनाका लागि पूर्वअभ्यासमा खटेका दुई सशस्त्र प्रहरी आफै बेपत्ता भएका छन्। सप्तकोशी नदीमा उद्दारकला र पुर्व अभ्यासमा खटेका दुई सशस्त्र प्रहरी आफै बेपत्ता भएका हुन्।

बेपत्ता हुनेहरुमा मधेश प्रदेश सशस्त्र प्रहरीका जवान सुरज साउद र हरदेव राजवंशी छन्। सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ स्थित सप्तकोशी नदीमा बर्षाका बेला बाढी पहिरोमा फसेका सर्वसाधारणलाई उद्धार गर्नका लागि अभ्यास गर्दै गर्दा उनीहरु बेपत्ता भएका हुन्।

सप्तरीका प्रमुख जिल्ला अधिकारी भोला दाहालले विपद् पुर्व तयारीका अभ्यासका लागि मधेश प्रदेश सशस्त्र प्रहरी कार्यालयबाट आएका गोताखोर सहितको उद्धार टोलीले अभ्यास गरिरहेका बेला अचानक पानीको वेगमा बेपत्ता भएको जानकारी दिए।

प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले बेपत्ता भएका प्रहरीको खोजी कार्य भईरहेको बताउँदै घटनास्थलमा प्रमुख जिल्ला अधिकारी दाहालको नेतृत्वमा सप्तरी र सुनसरीबाट थप सुरक्षाकर्मी झिकाएर बेपत्ता प्रहरीको खोजीकार्य भइरहेको जनाए।

## कोशीमा एक पुरुषको शव फेला

**दैनिक समाचारदाता**
**राजविराज, २२ जेठ।**

सप्तकोशी नदीमा विहीबार एक व्यक्तिको शव फेला परेको छ। संखुवासभा जिल्लाको भोटेखोला गाउँपालिका ५ स्थित लुमसुन बस्ने ३५ बर्षीय राजेश राईको शव फेला परेको हो।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ स्थित कोशी ब्यारेजको उत्तर पट्टिमा रहेको ५४, ५५ र ५६ नम्बर ढोका खोल्ने क्रममा शव फेला परेको इलाका प्रहरी कर्यालय कंचनपुरले जनाएको छ।

पानिमा मृत अवस्थामा तैरिँदै गरेको अवस्थमा शव फेला परेको र मृतकको पहिचान बारे उनका बहिनी कमला राईले जानकारी गराएको प्रहरी नायव उपरीक्षक माधव प्रसाद काफ्लेले बताए।

उनले शवलाई पोष्टमार्टमका लागि गजेन्द्रनारायण सिंह अस्पताल पठाईएको र थप अनुसन्धान भइरहेको जानकारी समेत दिए।

## पूर्वप्रधानमन्त्री नेपालसहित ९३ जनाविरुद्ध विशेषमा अरोप पत्र दायर

**दैनिक समाचारदाता**
**काठमाडौं, २२ जेठ।**

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसहित ९३ जनाविरुद्ध विशेष अदालतमा बिहीबार आरोप पत्र दायर गरेको छ।

पतञ्जली योग पीठ तथा आयुर्वेद कम्पनी नेपालको जग्गा प्रकरण सम्बन्धमा उनीसहित ९३ जना बिरुद्ध अख्तियारले विशेष अदालतमा आरोप पत्र दायर गरेको हो।

सो आरोप पत्र दायर भएसँगै नेकपा (एकीकृत समाजवादी)का अध्यक्षसमेत रहेका पूर्वप्रधानमन्त्री नेपालको सांसद पद स्वतः निलम्बन भएको छ। उनी संघीय संसद्अन्तर्गत रौतहट जिल्लाको प्रतिनिधिसभा क्षेत्र नं १ बाट निर्वाचित सांसद हुन्।

भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार फौज्दारी र भ्रष्टाचारसम्बन्धी मुद्दा दायर भएसँगै सार्वजनिक ओहोदाका व्यक्तिको सार्वजनिक पद स्वतः निलम्बन हुने प्रावधान छ।

काभ्रेपलाञ्चोकको नासिकास्थान साँगा, महेन्द्रज्योतिमा कम्पनी सञ्चालनको लागि हदबन्दीभन्दा बढी जग्गा खरिद गरेको तथा उक्त जग्गा कम मूल्यमा किनेर बढी मूल्यमा बेचबिखन गरेको अभियोगमा आयोगले उनीहरूविरुद्ध मुद्दा दायर गरेको हो।

उक्त कम्पनीका संस्थापक सदस्य शालीग्राम सिंहसमेतले उक्त कम्पनीको नाम प्रयोग गरी/गराई कम्पनीको उद्देश्यको प्रतिकुल हुने गरी बदनियत राखी आफूसमेतका प्रतिवादीहरुलाई लाभ हुने गरी अन्य सरकारी सार्वजनिक पदधारण गरेका व्यक्तिसँगको मिलोमतोमा उक्त जग्गा खरिद प्रकरणमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा १० विपरितकार्य भएको आयोगको ठहर छ।

सो प्रकरणमा सम्बन्धित निकायका व्यक्ति तथा राष्ट्रसेवकले आफ्नो पदीय ओहोदाको दुरूपयोग गरी/गराई आफ्नो जिम्मामा रहेको सरकारी सार्वजनिक सम्पत्तिको सम्बन्धमा निर्णय बदनियत राखी गैरकानुनी निर्णय गरेको देखिएको आयोगले जनाएको छ।

आयोगले उक्त हदभन्दा बढी जग्गा सोही ऐनको दफा ११ बमोजिम जफत तथा सरकारी सार्वजनिक कायम हुने दाबी गरेको छ। आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले उक्त मुद्दा दर्तासम्बन्धी पत्र सङ्घीय संसद् सचिवालयमा पुगिसकेको जानकारी दिएका छन्।

## मोटरसाइकल अनियन्त्रित भई डिभाईडरमा ठोकिदा चालकको मृत्यु, एक गम्भिर घाइते



**दैनिक समाचारदाता**
**राजविराज, २२ जेठ।**

सप्तरीको सुरुङ्गा नगरपालिकामा मोटरसाइकल दुर्घट्ना हुँदा चालकको मृत्यु भएको छ भने मोटरसाईकल सवार अर्का एकजना गम्भिर घाइते भएका छन्।

पुर्व पश्चिम राजमार्ग अन्तर्गत सुरुङ्गा नगरपालिका ६ स्थित करडवोना चौकमा बुधबार राति भएको मोटरसाइकल दुर्घटनामा सप्तरीको अग्नीसाइर कृष्णासवरन गाउँपालिका २ का मोटरसाइकल चालक १९ बर्षीय सुजित कुमार चौधरीको मृत्यु भएको हो।

राति ९ बजेतिर पश्चिमबाट पुर्वतर्फ तिब्र गतिमा आउँदै गरेको बा.८७प.९९७ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई सडकमा राखिएको डिभाइडरमा ठोकिएर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए।

दुर्घटनामा मोटरसाइकालमा सवार सोही वडाका २१ बर्षीय अभिषेक चौधरी गम्भिर घाइते भएका छन्। उनको सिरहाको लहानस्थित धामनी अस्पतालमा प्रारम्भिक उपचारपछि थप उपचारका लागि धरान लगिएको प्रहरीले जनाएको छ।

मृतक चौधरीको शव परिक्षणका लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा राखिएको तथा मोटरसाइकल इलाका प्रहरी कार्यालय करोडवोनाको नियन्त्रणमा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## मधेश प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका तत्कालीन सचिवसहित ६ जना विरुद्ध भ्रष्टाचार मुद्दा दायर

**दैनिक समाचारदाता**
**राजविराज, २२ जेठ।**

मधेस प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका तत्कालीन सचिव डा. नम्रता सिंहसहित ६ जना विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सिंहसहित मन्त्रालयका तत्कालीन वरिष्ठ कृषि अर्थविज्ञ तथा कृषि ज्ञान केन्द्र धनुषाका तत्कालीन कार्यालय प्रमुख शंकर प्रसाद साह, कृषि प्रसार अधिकृत अमर चन्द्र मण्डल, सहलेखापाल ब्रजेश कुमार साह, युवरानी मत्स्य तथा कृषि फार्म प्रा.लि का सञ्चालक तथा अध्यक्ष लक्ष्मी नारायण यादव, मन्त्रालयका तत्कालीन पशु चिकित्सक रञ्जित कुमार अधिकारी, कृषि प्रसार अधिकृत अविनाश कुमार झा र कृषि विकास निर्देशनालय, धनुषाका तत्कालीन कृषि अर्थविज्ञ विकास कुमार साहविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो।

आ.व. २०७९/०८० मा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेस प्रदेश जनकपुरधामका खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखाका प्रमुख एवं कृषि ज्ञान केन्द्र, धनुषाका प्रमुख वरिष्ठ कृषि अर्थविज्ञले सहकार्य प्रस्तावमा आधारित कृषि, पशुपक्षी तथा मत्स्य विकास कार्यक्रमको रकममा व्यापक भ्रष्टाचार गरेको, नक्कली बिल भरपाईको आधारमा भुक्तानी दिएको र स्पेसिफिकेसन अनुसारको सामान खरिद नगरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा भ्रष्टाचार भएको पाइएको प्रवक्ता नरहरि घिमिरेले बताए।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेस प्रदेशमा सहकार्य प्रस्तावमा आधारित कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको लागि वरिष्ठ कृषि अर्थविज्ञको संयोजकत्वमा गठन भएको प्रस्ताव छनौट समितिले कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, महोत्तरीबाट प्राप्त प्रस्तावहरूको सूची बनाउने गरी मिति २०७९.०९.०५ गते नै निर्णय भएको थियो।

त्यसपछि सूचनामा निर्धारित समय भित्र प्रस्ताव पेस नगर्ने कुनै पनि फर्म, कम्पनी वा व्यक्ति मधेस प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको सहकार्य प्रस्तावमा आधारित कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको लागि सहभागी हुन नपाउने कानुनी प्रावधान रहेको थियो।

अख्तियारका अनुसार सूचीमा समावेश हुन नसकेको, निर्धारित समयमा प्रक्रियामा संलग्न नै नरहेको युवरानी मत्स्य तथा कृषि फार्म प्रा.लि., औरही-३, महोत्तरीलाई सहभागी गराउनु भनी तोक आदेश गर्ने, प्रस्तावहरूको सूचीमा समावेश गर्ने नमिल्ने उक्त फार्मलाई सूचीमा समावेश गर्ने भनी समितिबाट निर्णय गर्ने काम भएको थियो। एक आपसमा मिलेमतो गरी युवरानी मत्स्य तथा कृषि फार्म प्रा.लि. औरही-३ महोत्तरीको एउटा मात्र प्रस्तावको लागि मिति २०७९.१०.१० गते पुनः बैठक बसी म्यादपछि प्राप्त हुन आएको युवरानी मत्स्य तथा कृषि फार्म प्रा.लि., औरही-३, महोत्तरीको प्रस्तावलाई समेत प्रारम्भिक सूचीमा समावेश गर्ने गरी छनौट गरेको पाइएको थियो।

## राजावादीको आन्दोलन अर्थहिन : सभापति देउवा

**दैनिक समाचारदाता**
**धनुषा, २२ जेठ।**

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले पूर्वराजा समर्थकले प्रदर्शन गर्नु अर्थहिन रहेको धारणा व्यक्त गरेका छन्।

कांग्रेसका स्व नेता ठाकुरप्रसाद ढुङ्गानाको ६२औं स्मृतिसभा, सालिक अनावरण र उनका बारेमा लेखिएको पुस्तक विमोचन कार्यक्रमका लागि आउने क्रममा विहीबार जनकपुर विमानस्थलमा पत्रकार सम्मेलनमा सभापति देउवाले राजावादीको आन्दोलन तुहिसकेकाले प्रदर्शन गर्नु

*बाँकी अन्तिम पृष्ठमा*

# आधारभूत अस्पताल सञ्चालन गर्न स्रोतको सुनिश्चितता

काठमाडौँ, २२ जेठ (रासस)।

निर्माण सम्पन्न भएर अलपत्र आधारभूत अस्पताल साउनबाटै सञ्चालनमा ल्याउने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तयारी थालेको छ। स्रोत अभावका कारण सञ्चालनमा आउन नसकेका आधारभूत अस्पतालहरु आगामी साउन महिनाबाटै सञ्चालनका लागि तयारी अघि बढाइएको छ।

मन्त्रालयले आधारभूत अस्पतालको निर्माण तथा सञ्चालनका लागि आगामी वर्षका लागि करिब रु एक अर्ब बजेट व्यवस्थापन गरेकाले अब आधारभूत अस्पतालहरु सञ्चालनमा सहजता आउने जनाएको छ। हालै मन्त्रालयले मापदण्डसमेत अभाव देखिएकाले पाँच, १० तथा १५ शय्या क्षमताका स्थानीय तहमा निर्मित अस्पताल सञ्चालनका लागि आधारभूत अस्पताल सञ्चालन मापदण्ड २०८२ निर्माण गरिसकेको छ।

निर्माण सम्पन्न भएर पनि सञ्चालनमा आउन नसकेका तथा पूर्ण क्षमतामा चल्न नसकेका यस्ता अस्पतालको सङ्ख्या ५७ छ। नयाँ आर्थिक वर्षमासमेत थप यस्ता अस्पताल निर्माणको योजना छ। मापदण्डका आधारमा त्यस्ता अस्पताललाई सङ्घ सरकारले गर्ने जनशक्ति, उपकरण, औषधि तथा रिएजेन्टस लगायतका अत्यावश्यक संशाधनको व्यवस्थापन गर्न मन्त्रालयले कार्ययोजना तयारी अघि बढाएको छ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले मन्त्रालयका नीति योजना तथा अनुगमन महाशाखा प्रमुख डा कृष्णप्रसाद पौडेलको संयोजकत्वमा कार्यदल गठन गर्नुभएको छ।कार्यदलले सङ्घ सरकारले गर्ने सहयोगबारे कार्ययोजना बनाउनुका साथै ती अस्पतालमा प्रदेश तथा स्थानीय तहको भूमिकाबारेसमेत प्रष्टता ल्याउन सघाउनेछ।

# नयाँ कमला पुलको माग गर्दै मधेस प्रदेशसभा भवन अगाडि धर्ना

सिरहा, २२ जेठ (रासस)।

सरकारले आर्थिक वर्ष २०८२/८३ को बजेटमा सिरहा र धनुषा जोड्ने कमला पुललाई नसमेटेपछि कमला पुल निर्माण सङ्घर्ष समितिले बुधबार मधेस प्रदेशसभा भवन अगाडि धर्ना दिएको छ।

मधेस प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र बजेटमा नयाँ कमला पुल निर्माणका लागि स्रोत सुनिश्चित गर्नुपर्ने सङ्घर्ष समितिको माग रहेको छ।

हुलाकी राजमार्गअन्तर्गत १४ वर्षदेखि निर्माणाधीन पुल समयमै सम्पन्न गर्न आफूहरूले पटकपटक आग्रह गर्दा पनि सरकारले बेवास्ता गरेकाले अब प्रदेश सरकारले पूर्वसहमतिअनुसार नयाँ कमला पुल निर्माणका लागि आगामी आर्थिक वर्षको बजेटमा छुट्टै शीर्षक बनाएर रकम विनियोजन गर्नुपर्ने सङ्घर्ष समितिका संयोजक प्रवीन यादवले माग गर्नुभयो।

"जेठ १५ गते सङ्घीय संसद्मा प्रस्तुत बजेटमा कमला पुललाई समट्न सकेन। एकपटक यहाँका जनतालाई सरकारले धोका दियो", उहाँले भन्नुभयो, "केन्द्रीय सरकारले त बजेट दिएन, अब प्रदेश सरकारले नयाँ कमला पुल निर्माणका लागि आगामी आर्थिक वर्षको बजेटमा छुट्टै शीर्षक बनाएर विनियोजन गर्नुपर्छ। गत वर्ष अनसन बसेका सिरहाका

**बाँकी तीन पृष्ठमा**

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# अब हुलाक टिकटमा रायोको सागदेखि असला माछासम्म...

**मधु शाही**

काठमाडौँ, २२ जेठ (रासस)।

सबैको जिज्ञासा हुन सक्छ, हुलाक टिकटमा केके पाइन्छ ? अब भने त्यस्तो टिकटमा रायोको साग, असला माछा, सुन्तलादेखि अछामे गाईसमेत देख्न पाइने भएको छ।

हुलाक टिकट विभागले बुधबारदेखि सुन्तला, पुत्का मौरी, रायो साग, नौमुठे गाई, असला माछा, खरी बाखा, भैँसी लिमे, पारकोटे आठ वटा रैथाने कृषिका आकृति र ब्रम्हलिन राष्ट्रसन्त स्वामी परमानन्द सरस्वती महाराजको आवरण गरी नौ वटा नयाँ हुलाक टिकट आवरणमा प्रचलनमा ल्याएको छ। सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरूङठले यी सबै प्रथम टिकट आवरणमा बुधबार टाँचा लगाएसँगै यसको महत्त्व र आवश्यकतामाथि चर्चा गर्नुभयो।

विभागमा केही महिनाअघि सञ्चारमन्त्री गुरूङले रायोको साग र लिमे भैँसीको गुणबारे निकै चर्चा गर्नुभएको थियो। आफू सानो छँदा भैँसी चराएका दिन अनि बारीमा छाता जस्तै ठूला पात भएका रायो साग खाएको क्षण निकै आनन्दित हुन्थ्यो भन्दै हुलाक सेवा विभागमा टिकट टाँचा लगाउने प्रसङ्ग सुनाउनुभएको थियो। उहाँले बाल्यकाल, साग र भैँसी चराउनुका अनुभव समयसँगै लोपोन्मुख हुँदै गएको प्रसङ्ग जोड्नुभएको थियो। लोपोन्मुख हुन लागेका यिनै रैथाने फलफूल, सागसब्जी, गाईभैँसी मात्रै नभई नेपालमा पाइने कलासंस्कृति र सम्पादहरूको संरक्षण गर्नुपर्ने जोड उहाँको छ।

पछिल्लो समय लोपोन्मुख कला संस्कृति र सम्पादको संरक्षण गर्ने ऐतिहासिक दस्तावेजका रूपमा हुलाक टिकट भरपर्दो माध्यम बन्दै आएको छ। हुलाक सेवा विभागलाई मन्त्री गुरूङले दिनुभएको तिनै रैथाने बाली, वस्तु तथा सम्पदालाई महत्त्व दिएर बुधबार नौ वटा हुलाक टिकटमा प्रथम आवरणमा टाँचा लगाएको हो।

रैथाने कृषि आनुवंशिक स्रोतअन्तर्गत 'लिमे भैँसी' नेपालको स्थानीय जातका भैँसी हो। यो पश्चिम पहाडी भेगका जिल्ला कास्की, स्याङ्जा, पर्वत, बागलुङ तनहुँ र लमजुङमा बढी सङ्ख्यामा पाइने भएपनि नेपालको सबै पहाडी जिल्लामा पालिने गरेको हुलाक विभागका अधिकृत चन्द्रा थापाले बताउनुभयो। उहाँका अनुसार उक्त भैँसी कैलो रङको हुने र यसको छालाको रङ फिका खैरोदेखि कालोसम्मको हुन्छ। लिमेको दूध स्वादिलो तथा घृतांशको मात्रा बढी भएको हुनाले ग्रामीण क्षेत्रमा कृषकहरूले बढी मन पराएका छन्। यसका आँखी भौँ सेतो हुन्छन्। यसको चिउँडोमुनि र छाती वरपर हुने खैरो वा सेतो धर्से रौँ यिनीहरूको फरक छुट्याउने एक ठेट लक्षण रहेको उहाँले कार्यक्रममा उल्लेख गर्नुभयो। नेपालमा पहिचान भइसकेको भैँसीका नश्लहरूमध्ये लिमे भैँसीको शरीरको आकार र तौलका दृष्टिकोणले सबैभन्दा सानो नश्लको भैँसी हो रहेको छ। यो भैँसीको देशको सीमित क्षेत्रमा मात्र पालन गरिने भएकाले यसको क्षमताअनुसार संरक्षणका लागि ध्यान पुऱ्याउन आवश्यक छ रहेको पनि उहाँले जानकारी दिनुभयो।

त्यस्तै, अर्को टिकटको आवरण हो सुन्तला। नेपालमा परापूर्वकालदेखि नै खेती गरिँदै आएको रैथाने फल सुन्तला हाल नेपालको सरकारले राष्ट्रिय फल घोषणा गरेको छ। सुन्तलाखेती नेपालको ६५ वटा जिल्लामा खेती गरिन्छ। हुलाक टिकटमा यसको फोटो राखेर राष्ट्रियस्तरमा प्रचारप्रसार गरी उत्पादन बढाउने र अन्तरराष्ट्रिय बजारमा प्रचारप्रसार गरी माग बढाउन सकिन्छ भन्ने हुलाक सेवा विभागको निर्ष्कष छ।

यसैगरी, लोपोन्मुख रैथाने कृषिमा परेको छ, पुत्का मौरी। पुत्का मौरी, मौरी प्रजातिमा पर्ने सबैभन्दा सानो आकारको मौरी हो। यी मौरीको शरीरमा खिल नहुनाले यसले अन्य मौरीले झैँ चिल्दैनन्। पथ्वीमा झण्डै ५०० यो प्रजातिका यी मौरीहरू पाइन्छन्। यी मौरीहरू संसारको उष्ण र उपोष्ण हावापानी पाइने क्षेत्रमा बसोबास गर्ने प्रजातिको मौरी हुन्। यी मौरीहरू वनजङ्गलका पुरानो धोद्रो मढुर रूखमा वा जमिनमनि गोला बनाई नेपालमा समुद्र सतहबाट हजार मिटर उचाइसम्मको क्षेत्रमा वसोबास गरेको पाइन्छ।

पुत्का मौरी जलवाय परिवर्तनको प्रभावका कारण हजार मिटर उचाइभन्दा माथि पनि वसोवास गरेको भेटिन्छ। नेपालमा 'मेलिपोना स्पेसिस्' को पत्का मौरी पाइन्छ तर संरक्षणको अभावका कारण यो प्रजातिको मौरी लोपोन्मुख अवस्था रहेको छ। खासगरी नेपालको बाँके, बर्दिया र दाङ जिल्लामा पत्कामौरी पाइन्छ। मह उत्पादन कम भए पनि औषधिका रूपमा प्रयोग गर्न सकिने भएकाले यस मौरीको महको महत्त्व बढी छ।

नेपालमा सरल र सर्वसुलभ रूपमा जहाँ पनि पाइने तरकारीका रूपमा रायोको सागको चर्चा बढाउन हुलाक टिकट विभागले हुलाक टिकट तयार पारेको छ। रायोको साग, बहुउपयोगी, स्वास्थ्यका लागि अनेकौँ फाइदैफाइदा भएको विशेष जाडो (हिउँद) महिनामा पाइने विभिन्न हरियो सागपातमध्ये रायोको साग पनि एउटा एक प्रमुख तरकारी हो। यसको खेती नेपालको तराईदेखि उच्च पहाडसम्म नै गर्न सकिन्छ। प्रायः नेपालका सबै किसिमको माटोमा गर्न तर तराई र मध्यपहाडमा यो हिउँदेबाली हो भने उच्च पहाड जहाँ तुसारो र हिउँ पर्दछ त्यस्तो इलाकामा ग्रीष्म याममा खेती गरिन्छ। रायोको तरकारी औषधिय गुणले भरिपूर्ण हुन्छ। यसलाई उपभोग गर्दाजोर्नी र हड्डी बलियो बनाउँछ, भिटामिन प्रशस्तमात्रामा हुनाले, रगत जम्ने र अनावश्यक ठाउँमा क्याल्सियम जम्मा हुनेक्रम पनि रोक्छ। हड्डी खिइने समस्या भएकाका लागि रायोको साग लाभकारी हुन्छ। रायोको सागमा भिटामिन ए, सी र के प्रचुरमात्रामा, स्मरणशक्ति बढाउँछ, मुटु बलियो बनाउँछ, क्यान्सरबाट जोगाउँछ, डन्डीफोर कम गर्छ, गर्भवतीलाई लाभ गर्छ।

त्यसैगरी अबदेखि हुलाक टिकटका रूपमा नौमुठे गाई (अछामे) पनि देख्न सकिन्छ। नेपालको राष्ट्रिय गाईलाई हिन्दूहरूको पहिचान, प्रतिष्ठा र सभ्यताको सङ्केतका रूपमा लिइन्छ। नेपालमा गाईका मुख्य नौ वटा प्रजातिमध्ये सात प्रजातिका गाई घरमा पालिन्छन् भने गौरीगाई र नीलगाई गरी दुई प्रजातीका गाई जङ्गलमा पाइन्छन्।

घरमा पालिने गाईमध्ये गौरी गाई सबैभन्दा ठूलो प्रजाति हो भने नौमुठे गाई सबैभन्दा सानो प्रजाति हो। नौमुठे गाई उत्पत्तिस्थल अछाम जिल्लामा भएको मानिन्छ। त्यसैले यसलाई अछामी गाई पनि भनिन्छ। यस गाईलाई 'नौ मुठे गाई' भनिनुका कारण यसको उचाई लगभग नौ मुठी हुनु, हातको मुठ्ठीले गाईको उचाइ नाप्दा नौ मुठी पुग्ने (करिब ८० सेन्टिमिटर) भएको भनिएको हुलाक सेवा विभागले जनाएको छ।

भगवान् गोरक्षनाथले गौ संरक्षणका क्रममा अछामको देवीथुममा आइ सप्तऋषिहरूलाई पवित्र धार्मिक स्थल द्वादश ज्योतिर्लिङमध्येको वैद्यनाथ क्षेत्रमा नौमुठे गाईलाई संरक्षण तथा प्रवर्द्धन गर्न जानकारी दिएको किंवदन्ती रहेको विभागको अध्ययनले प्रष्ट पारेको छ।

यस प्रजातिको गाईको दूध तथा गहुँतलाई औषधिजन्य रूपमा लिइने र यस प्रजातिका गाईहरूले एक वेतमा करिब २०० लिटरसम्म दूध दिने गरेको विभागको अनुसन्धानले बताएको छ। धार्मिक पर्व तथा तीर्थ व्रतमा यसको दूधलाई विशेष रूपमा आवश्यक मानिन्छ। हाल यो गाईको प्रजाति लोपोन्मुख स्थितिमा रहेको छ। सहरीकरण, बजारीकरण र आधुनिकीकरणले नौ मुठे गाईको सङ्ख्या दिनानुदिन घटिरहेको छ। अछामबाट तीव्र बसाइँसराइका कारण पनि नौमुठे गाई संरक्षणको अभावमा छ। उन्नत जातका गाईको विकासले गर्दा पनि नौ मुठे गाई संरक्षणको ओझेलमा पर्दै गएको छ।

त्यसैगरी नेपालको हिमनदी तथा चिसो पनि बहने खोलामा असला माछाको पनि टिकट आवरण प्रचलनमा आएको छ। असला माछाको १७ प्रजातिमध्ये नेपालमा नौ प्रजाति पाइने गर्छ। नेपालमा ६०० देखि तीन हजार ५०० मिटरको उचाइसम्म असला माछा पाइन्छ। असला माछा देश तथा विदेशमा पनि चर्चित छ। चर्चा र महत्त्व बढी भएकै कारण आलो माछा र सुकुटीको अत्यधिक माग बढेको छ। निकै स्वादिलो हुने भएकाले यसको माग बढेपछि यसको मूल्य पनि बढेको छ। अहिले ताजा माछाको प्रति किलो रू एक हजारभन्दा माथि र सुकुटी पारेकालाई प्रतिकिलो १० हजारसम्म छ। यो माछा जापान, अमेरिका, बेलायतलगायत युरोपका विभिन्न मुलुकमा निर्यात हुने गरेको छ। विदेश पठाउनका लागि सुकुटीको माग धान्न गाह्रो परेको छ। सबैको रोजाइमा पर्न थालेसँगै खोलामा पाइने माछाको सङ्ख्यामा कमी आएको र जथाभावी ढङ्गले नदीमा माछा मार्ने कार्य बढेपछि नदी तथा यसका सहायक नदीहरूमा माछा पाउन मुस्किल रहेको विभागले उल्लेख गरेकोछ।

यत्तीमात्र होइन अब भने हुलाक टिकटमा खरी बाख्राको आवरण पनि हेर्न सकिन्छ। हुलाक सेवा विभागले खरी बाख्राको टिकट आवरण अनावरण गरेसँगै यसको महत्त्व र अवस्था उल्लेख गरेको छ। नेपालको पूर्वदेखि पश्चिमसम्म मध्यपहाडी भेगमा पाइने बाखालाई खरी बाखा भनिन्छ। यसलाई कतैकतै पहाडी बाखा वा औले बाखा पनि भनिन्छ। खरीबाखा पहाडी बाख्राभित्र पनि रङका आधारमा छ उपजाति वा उपप्रकार सेती, काली खैरी, घोर्ली, सिँगारी र धोबिनी रहेको छ।

खरी जात नेपालको कूल बाखाको जनसङ्ख्याको ५० प्रतिशत बढी हिस्सा ओगटेको मानिन्छ। खरी बाखा फरकफरक रङका हुन्छन्। यो आकारमा सानो हुन्छ र यसलाई सामान्यतया पहाड़ी वा औले बाखा भनिन्छ। नेपालको पहाडी र भित्रीपहाडी क्षेत्रमा ३०० देखि एक हजार ५०० मिटरको उचाइमा पालिन्छ। आवश्यक बोकाको शारीरिक तौल ४० देखि ४५ केजी तथा बाख्रीको २५ देखि ३५ केजीसम्म हुन्छ। यी जातहरूले औसत १६ महिनामा पहिलो बच्चा जन्माउन सक्छन् र दुई वर्षको अन्तरालमा तीन पटक जन्म दिनसक्छ।

आम किसान विदेशी बाखा भन्दैमा राम्रो हुन्छ भन्ने मानसिकताका नेपालमा पाइने रैथाने बाखाको सङ्ख्या घट्दै गएको छ। "व्यावसायिक बाखापालनमा क्रस ब्रिडिङ गराउनेक्रम बढेकाले रैथाने बीउ हराउने खतरा बढ्दै गएको छ। रोगसँग लड्नसक्ने क्षमता बढी भएको र स्वादिलो मासुका लागि परिचित रैथाने बाखाको बीउ कालान्तरमा अभाव हुनेतर्फ सचेत हुनुपर्छ," विभागले भनेको छ।

विभागका अनुसार खरी बाखामा रोगसँग लड्नसक्ने क्षमता बढी र कठोर हावापानीमा अनुकूल र कम भरण प्रणालीमा पनि उत्पादन गर्नसक्ने विषेशतार खाँदासमेत स्वादिलो हुन्छ। परम्परागत चरन व्यवस्थामा यो बाखापालन गर्न सकिन्छ। नेपालको हावापानी सुहाउँदो, उत्पादन खर्च कम लाग्ने यो रैथाने बाख्राको संरक्षण गर्न आवश्यक छ। हुलाक टिकेटमा खरी बाख्राको छाप राखेमा आम बाखा पाल्ने किसानलाई खरी जातको बाखापालनमा ध्यनाकर्षण हुने विभागको धारणा छ।

यसैगरी अर्को मुलुकको तल्लोदेखि उच्च पहाडमा पाइने पारकोटे भैँसी पनि हुलाक टिकटमा पाइनेछ। यसको महत्त्व महसुस गर्दै बुधबार हुलाक टिकट सार्वजनिक गरिएको हो। पारकोटे भैँसीहरू मुलुकको तल्लोदेखि उच्च पहाडभर छरिएर रहेका छन् भने मुख्यगरी मध्यपहाडमा बढीमात्रामा पाउन सकिन्छ।

पारकोटे भैँसी मुख्यतः कालो रङको हुन्छ तर कहिलेकाहीँ खैरो र फिका खैरो रङमा पनि पाइन्छ। यो भैँसी लाम्चो अनुहार र चेप्टो टाउको भएको हुन्छ। सिंङ तरवार आकारको र शरीरको पछिल्लो भागतिर फर्केको हुन्छ। यसको मध्य कद र शरीरको लम्बाइ लिमेको दाजोमा अलि वढी हुन्छ। यसको शरीरमा कुनै पाटा वा धर्सा हुँदैन। यसको थुतुनो वा मुख कालो हुन्छ। यो नश्लका भैँसीहरूको शारीरिक लम्बाइ, काँधको उँचाइ, अस्थीको उँचाइ र छातीको गोलाई सरदर १२७ सेमी, १२४ सेमी, ११९ सेमी र १७७ सेमी पाइएको छ। यो भैँसीको शारीरिक तौल सरदर ४०७ केजी पाइएको छ। यो भैँसीको स्वभाव अर्ध-उदण्ड किसिमको हुने गर्छ।

त्यसैगरी ब्रम्हलिन राष्ट्रशन्त स्वामी परमानन्द सरस्वती

**बाँकी तीन पृष्ठमा**

# प्लास्टिक प्रयोग : एक हानिकारक लत

**नारायणप्रसाद घिमिरे**
काठमाडौं, जेठ २२ (रासस) ।

छिटो, छरितो र सहजताका लागि प्रयोग गरिने प्लास्टिक अहिले एक समुदाय र देशमात्र नभई विश्वकै ठूलो चिन्ताको विषय बनेको छ । वास्तवमा, विश्व यतिखेर प्लाष्टिकविरुद्धको लडाइँमा होमिएको छ । यसको उत्पादन र प्रयोग कसरी निमिट्यान्न पार्ने भनी लामो समयदेखि अनुसन्धान जारी छन् । प्लास्टिकको विकल्पमा कस्ता वस्तुको उपयोग गर्ने भनी वर्षौंपिच्छे अध्ययन अनुसन्धानका ठेली तयार हुन्छन्, सरकारलाई सिफारिस पनि गरिन्छन्, तर उल्लेख्यरूपमा प्लास्टिकको प्रयोगमा कमी आएको छैन ।

मानव जातिकै सहजताका लागि आविस्कार भएको प्लास्टिक आखिर किन टाउको दुःखाइको विषय बन्यो त ? यो चिजले यति दुःख देला भन्ने कुरा सायदै सोचिएको थियो होला । स्पष्ट छ, यो आविस्कारले मानव जाति मात्र नभई अन्य जीवजन्तु, वनस्पतिको अस्तित्व नै सङ्कटमा पारी सारा वातावरण नै तहसनहस पारिरहेको छ । प्लास्टिक उत्पादक कम्पनीमाथि कडा निगरानी नहुँदा अनेक सङ्कट निम्त्याउने यो वस्तुको उत्पादनमा कुनै कमी आएन, बजार नियन्त्रण गरिएन, उपभोक्ताको व्यवहार परिवर्तन भएन । उल्टै, प्लास्टिक प्रयोगको लत बढेर गयो ।

प्लाष्टिक प्रयोगको सहजतासँगै यसले निम्त्याएको जोखिम थाहा पाउन कुनै वैज्ञानिक प्रतिवेदन पढिरहनु पर्दैन । हाम्रा दैनिक व्यवहार र यसको परिणाम हेर्दा नै छर्लङ्ग हुन्छ । बजार जाँदा झोला बोक्दैनौं । किनमेलपछि व्यापारीले झोला सित्तैमा दिन्छ । त्यो झोला हो प्लाष्टिक । प्लास्टिक सर्वव्यापी छ । समुद्री जीवजन्तुलाई पासो थाप्नेदेखि हाम्रो भान्साकोठामा चाइ लाग्ने वस्तु हो प्लाष्टिक । समुद्री जीवजन्तु प्लास्टिकको जालीमा किल्किले लागेर निस्प्राण भएका थुप्रै दृश्य सहजै देखिन्छ, गाउँघरमा खेत जोत्दा हलोमा प्लास्टिक अड्किन्छ । गाईभैंसी पालेर दूधदही खाने चलन लोप भएर बजारबाट किनेर ल्याएको कोकोकोला खाने आदत बढेर गएको छ । कोकोकोलाजस्ता पेय पदार्थ प्लास्टिक विभिन्न आकारका बोतलमै पाइन्छ । दही, मही, घ्यू छोडेर प्लास्टिकको ड्यू, कोक, फ्यान्टा खाने चलनलाई आधुनिकताको रूपमा लिन थालियो ।

त्यतिमात्र होइन, प्लास्टिक प्रदूषण रोक्नका लागि कतिपय विशाल हल, महल र होटलमा कार्यक्रम हुने गहन नीतिगत छलफल र बहसमा पनि त्यही प्लास्टिक कै बोतलमा पानी उपलब्ध हुनु र पिउनुमा सरोकारवाला, नीति निर्माता र भाषणवाजलाई कुनै असहज छैन, शरम छैन । हामी जो कोहीले प्लास्टिक प्रयोगको यतिविघ्न लत बसायौं मानौं प्लास्टिकमा राखेको सामान, पेय, पानीमा जति स्वाद र सन्तुष्टि हुन्छ अन्यमा हुँदैन ।

यो खतरनाक चीजको लत यसमा मात्र सीमित छैन । दसैं, तिहार, छठजजस्ता नेपालीका महान् चाडबाडमा पनि प्लास्टिकबाट बनेका फूल र सजावटका सामग्री यत्रतत्र पाइन्छन् । विदेशबाट समेत आयात गरेर प्रयोग गरिन्छ । प्लास्टिक देखावटी दुनियाँको प्रभावकारी हतियार भएको छ । रङ्गीचङ्गी फूलले सिङ्गारिने मञ्च कृत्रिम वस्तुले सिङ्गारिदा पनि मञ्चमा विराजमान अतिथि, वक्ता कसैले पनि यहाँ फूल नभएर प्लास्टिकको प्रयोग किन भनेर सोध्दैनन् ।

नेपालमा प्लास्टिकको बोरा छ्याप्छ्याप्ती भएपछि जुटको बोरा हरायो । जुटका बोरा, डोरी मात्र हराएनन्, उद्योग पनि धराशायी भए, हराए । जुट उद्योग नै हराएपछि सनपाटको खेती भएन । यो खेती नहुँदा धागो/रेसा बनाउनुअघि सनपाट कुहाउने पोखरी मासिए । पोखरी मासिएपछि कतिपय जलचर र चरा सङ्कटमा परे । विशेषगरी तराईमा हुने यस्ता पोखरी सुक्दा पानीको मुहान पनि सुके । तराईमा पानीको सङ्कट गहिरिनुमा अरु थुप्रै कारण होलान्, तर जुटको पोखरी मासिनुका बहुपक्षीय असर छन् । यसको बृहद् अध्ययन अनुसन्धान जरुरी छ ।

विद्यालयमा साना बाबु नानीलाई वातावरणको महत्व पढाएर नथाक्ने शिक्षकले विद्यार्थीलाई किताबमा प्लास्टिकको गाता नलगाउ भन्दैनन्, प्लास्टिकको बोतल प्रयोग नगर भन्दैनन् । कस्तो विरोधाभास । अनि, कलिला विद्यार्थीलाई वातावरण दिवसका दिन रुख रोपौं, वातावरण जोगाउँ भनी नारा लगाउँदै टोलमा फिरी लगाउने चलन यथावत् छ ।

सभ्य मानिने शहरमा बग्ने नदीहरुको दूरावस्थाले तीव्र शहरीकरणको प्रभाव मात्र देखाउँछ त ? देशको केन्द्रीय प्रशासनिक निकाय सिंहदरबार र देशभरकै जनप्रतिनिधिको सर्वोच्च थलो सङ्घीय संसद नयाँ बानेश्वरबाट बागमती नदी कति मिटर टाढा छ ? यसको प्रदुषण केवल ढलमात्र हो वा प्लास्टिक पनि ? कानुन तथा नीति निर्माणको सर्वोपरि निकाय मात्र होइन, विश्वकै हिन्दूहरुको आस्थाको केन्द्र पशुपतिनाथबाट पनि वागमती नदीको दुर्दशा दृष्टिगोचर हुन्छ । पवित्र वागमती मात्र होइन, राजधानी उपत्यकाका अन्य नदी प्रणालीको हविगत उही छ । ढलमती भएका यी नदी सर्वव्यापी प्लास्टिकका थुप्रोमा पुरिएर मृत्युशय्यामा गुज्रिएका छन् । धन्न केही स्वयंसेवीले साप्ताहिक नदी सफाइ अभियान जारी राखेका छन् । मानवअधिकार मात्र होइन, आजकल प्रकृतिसमेतको अधिकारको कुरा उठ्न थालेको छ । त्यस हिसाबले के यी नदीले स्वच्छ स्वअस्तित्वमा बाँच्न नपाउने ? शहरमा नदी हुनु नेपालका लागि ठूलो सौभाग्य हो । तर तीनै नदीको आरोग्यता मासेर आफ्नो अस्तित्व सङ्कटमा पार्न, वातावरण धुलिसात् पार्न हामी किन उद्यत् छौं ? बडो विरोधाभास छ ।

**विरोधाभास हटाउँ**

यस्ता अनेक गैरजिम्मेवार प्रवृत्ति र विरोधभासले प्लास्टिकको प्रयोगमा कमी आएको छैन । नीति, नियम, कानून छन् । न्यायालयले आदेशसमेत दिएको छ । संविधानको मौलिक हकमै स्वच्छ वातावरणको अधिकार शुनिश्चित गरिएको छ । वातावरण र जलवायुसम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रय सभासम्मेलन, मञ्चमा जोडदार प्रस्तुति भएका छन् । लामो समयदेखि वातावरण मन्त्रालय र यसअन्तर्गतका विभाग सक्रियरूपमा काम गरिरहेका छन् । प्लास्टिक प्रयोग रोक लगाउने निर्देशन बेलाबेलामा भएकै छन् । दिगो विकास लक्ष्यमै मानव, सम्बृद्धि र सहकार्यलाई विशेष जोड दिइएको छ । आखिर किन प्लास्टिक प्रयोग चाहिँ घट्दैन त ? हाम्रो व्यवहार, प्रवृति र नीति र व्यवहारको विरोधाभास नै यसको जड हो भन्नु अत्यक्ति नहोला ।

प्लास्टिक प्रयोगले स्वास्थ्यमा असर गर्छ, माटोको उत्पादकत्वमा ह्रास ल्याउँछ, कृषि प्रणाली नष्ट गर्छ, परम्परागत असल व्यवहार मास्छ, जीवजन्तु र जलचरमा सङ्कट निम्त्याउँ भनेर सम्झाउन अब कुनै निर्देशन नै आवश्यक पर्दैन किनकि यी कुरा मानिसले दैनिन्दिन आँखै अगाडि भोगेका छन् । त्यसैले हरेक उपभोक्ताले आफ्नो व्यवहारमा सुधार ल्याउनु अत्यावश्यक छ ।

सरकार नियमनकारी निकाय हो । विरोधाभाष अन्त्य गर्न, निर्णय पालना गर्न गराउन र अदालतका आदेश व्यवहारमा उत्तार्न केले छेकेको छ, व्यक्ति, संस्था, नियम ? तिनीहरुको निक्यौंल गरी कारबाहीअघि बढाउनुपर्छ । सरकारका गतिविधि नियाल्ने, निगरानी राख्ने, जनताको चासो व्यक्त गर्ने अर्को महत्वपूर्ण र सर्वोच्च संस्था हो संसद् । संसद्ले यस्ता विषयमा सरकारलाई सचेत गराइरहन पर्छ, जनतालाई सुसूचित गरिरहनुपर्छ । संसद्ले कानुन निर्माण मात्र होइन, यसको उचित पालना भए नभएको पनि उत्तिकै लेखाजोखा गर्नुपर्छ ।

हरेक वर्ष मनाइने वातावरण दिवसको यस वर्षको नारा 'प्लास्टिक प्रदूषण निर्मूल गरौं' भन्ने छ । विश्वकै चासोको विषय नेपालमा पनि उत्तिकै पेचिलो छ । आजको दिन भव्य कार्यक्रम गरी यो अन्तरराष्ट्रिय दिवस मनाइरहँदा बाँकी ३६४ दिनको व्यवहार पनि ख्याल गर्नुपर्छ । एकले अर्कालाई स्वच्छ वातावरणको महत्व सिकाइरहँदा कमजोरी पनि औंल्याएर सुधारका बाचा गरौँ र व्यवहार परिवर्तन गरौं भने यसले दिगोपन ल्याउँछ ।

**स्थानीय असल अभ्यासको प्रवर्द्धन**

अर्को सिक्नुपर्ने महत्वपूर्ण कुरा हो, सङ्घीयताको अवलम्बनसँगै कतिपय स्थानीय सरकारले परम्परागत ग्रामीण उपभोग शैलीको पुनर्जागरण ल्याउन गरेको सत्प्रयास । जस्तै, गतवर्ष खोटाङ जिल्लाको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले आयोजना गरेको प्रथम राष्ट्रिय बाँस सम्मेलन । खेत, पाखोबारी र जङ्गलमा पनि पाइने बाँस यस्तो बहुउपयोगी वनस्पति हो, जसबाट थुप्रै घरेलु सामग्री निर्माण हुन्छन् । यिनको उपयोगले प्लास्टिकबाट बनेका अनेक वस्तुको सहजै विस्थापन गर्न सकिन्छ । यो सम्मेलनले यस्ता विषयमा धेरैको ध्यानाकर्षण गरेको थियो । केन्द्रीय सरकार र अन्य तहका सरकारले पनि यस्ता सत्प्रयास अवलम्बन गर्न सक्नुपर्छ । असल अभ्यास भन्ने वित्तिकै अन्तरराष्ट्रिय मात्र हुन्छन् भन्ने धारणा त्यागेर राष्ट्रिय र स्थानीय असल अभ्यासको पनि खोजी, प्रवर्द्धन गर्ने कि ? सधैं जे विषयमा पनि छिटो मात्र होइन, दिगो पनि भनेर जोड दिए प्लास्टिक प्रदूषण पक्कै कम गर्न सकिन्छ ।

## *नयाँ कमला ...*

युवासँग भएको सहमति मधेस प्रदेश सरकारले कार्यान्वयन गरेर देखाउनुपर्छ ।"

निर्माण पूरा नहुँदै जीर्ण बनेको पुल अलपत्र परेपछि गत वर्ष २०८१ को भदौमा सिरहाका १० जना युवा अभियन्ता नयाँ पुल निर्माण प्रक्रिया थाल्न माग गर्दै जनकपुरस्थित मुख्यमन्त्री कार्यालय अगाडि पाँच दिनसम्म आमरण अनशनमा बसेका थिए । नयाँ कमला पुलको निर्माण गर्ने र त्यसका लागि सङ्घीय सरकारसमक्ष पहल गर्ने, त्यो पनि नभए सम्पूर्ण बजेट मधेस प्रदेश सरकारको स्रोतबाट व्यहोर्नेलगायत चारबुँदे सहमतिकासाथ अनशन तोडिएको विषय पुनःप्रदेश सरकारलाई स्मरण गर्न संयोजक यावदले आग्रह गर्नुभयो ।

प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा कमला पुललाई समेटी स्रोतको सुनिश्चित नगरेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अगाडि पुनःअनशन बस्न बाध्य हुने सिरहा नगरपालिका–६ का वडाध्यक्ष इन्द्रजीत यादवले चेतावनी दिनुभयो । उहाँले भन्नुभयो, "गत वर्ष नै मधेस प्रदेश सरकारले कमला पुल यथाशीघ्र सम्पन्न गर्ने केन्द्रीय सरकारसँग ठोस पहल गर्ने सहमति भएको थियो । तर, त्यो पालना भएन । उधारो सहमतिमा सधैं हामी बस्न सक्दैनौं । हाताहाती चाहियो । यस विषयलाई गम्भीरतापूर्वक लिएन भने पुनःअनशनमा बस्न बाध्य हुनेछौं ।"

## *अब हुलाक टिकटमा ...*

महाराजको आवरण समेट हुलाक टिकटका रूपमा टाँचा प्रदान गरिएको छ । विसं १९९४ बागलुङमा जन्मिनुभएका महाराजले हिन्दूधर्म संस्कृति संरक्षणमा दिएको योगदान प्रशंसनीय रहेको हुँदा हुलाक टिकटमार्फत सम्मान प्रदान गरिएको हुलाक सेवा विभागका महानिर्देशक मनमाया भट्टराई पड्गेनीले बताउनुभयो । महाराजले आफ्नो जीवनकालमा नेपालका विभिन्न ४० वटा जिल्लामा आश्रम गुरूकुल, मठमन्दिर विद्यालयको स्थापना र स्तरवृद्धि स्थापना गरिएका धार्मिक तथा शैक्षिक संरचनाहरू निर्माण गर्नुभएको छ ।

पहिचान र संस्कृति एवं सम्पदालाई समेट्नेगरी विभागले तयार गरेको हुलाक टिकटमा सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री गुरूङले टाँचा लगाउनुभएको हो । उहाँले आगामी दिनमा हुलाक विभागले राजनीतिक विषयबाहेकका अझै ओझेलमा परेका संस्कृति, सम्पदा, जनजीवन समेटिने रैथाने वस्तुको संरक्षण गर्न आवश्यक रहेको बताउनुभयो ।

सो अवसरमा सञ्चार सचिव राधिका अर्यालले हुलाक टिकट आफैंमा ऐतिहासिक दस्तावेज भएकाले यस्ता लोपोन्मुख रैथाने संस्कृतिको संरक्षण गर्नुपर्ने राज्यको दायित्व रहेको बताउनुभयो । महानिर्देशक पड्गेनीले हुलाक टिकटमार्फत हराएकालाई संरक्षण, लुकेकालाई प्रचार र विभूतिलाई सम्मान गर्ने कार्यमा अग्रसर रहेको जानकारी दिनुभयो ।

# विश्व समाचार

## बाइडेनको स्वास्थ्यमा आएको गिरावट लुकाउने 'षड्यन्त्र' को अनुसन्धान गर्न ट्रम्पको आदेश

वासिङ्टन, २२ जेठ (रासस/एएफपी) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार जो बाइडेनको ह्वाइट हाउसमा रहेको समयमा उहाँको संज्ञानात्मक स्वास्थ्यमा आएको गिरावटलाई लुकाउने 'षड्यन्त्र' भएको रिपब्लिकनहरूको दाबीको अनुसन्धान गर्न आदेश दिनुभएको छ । यो कदम ट्रम्पले आफ्ना पूर्ववर्ती राष्ट्रपतिलाई बदनाम गर्ने लामो अभियानको पछिल्लो चरण हो । यसमा रिपब्लिकन पार्टीका राजनीतिज्ञहरू र रूढिवादी मिडियामा उनीहरूका समर्थकहरू सामेल भएका छन् ।

तर यो डेमोक्रेटहरूको बढ्दो समूहले पूर्व राष्ट्रपति हालैका वर्षहरूमा खस्किएको देखिनुभएको छ भनेर स्वीकार गर्न थालेको बेला आएको छ । ती चिन्ताहरू गत वर्षको राष्ट्रपतीय अभियानमा ट्रम्पसँगको विनाशकारी बहसको प्रदर्शनले स्पष्ट रूपमा देखाएको थियो । बहसमा तत्कालीन ८१ वर्षीय बाइडेनले आफ्ना शब्दहरूमा ठेस खानुभएको थियो र बारम्बार आफ्नो विचारको प्रवृत्ति गुमाउनुभएको थियो ।

"हालैका महिनाहरूमा पूर्व राष्ट्रपति बाइडेनका सहयोगीहरूले बाइडेनको संज्ञानात्मक गिरावट लुकाउन अटोपेनको प्रयोग गरेर राष्ट्रपतिको हस्ताक्षरको शक्तिको दुरुपयोग गरेको कुरा स्पष्ट हुँदै गएको छ", बुधबार जारी गरिएको राष्ट्रपतिको ज्ञापन पत्रमा भनिएको छ, "यो षड्यन्त्र अमेरिकी इतिहासमा सबैभन्दा खतरनाक र चिन्ताजनक घोटालाहरू मध्ये एक हो । अमेरिकी जनतालाई उद्देश्यपूर्ण रूपमा कार्यकारी शक्ति कसले प्रयोग गऱ्यो भनेर पत्ता लगाउनबाट जोगाएको थियो, जबकि बाइडेनको हस्ताक्षर हजारौं कागजातहरूमा कट्टरपन्थी नीति परिवर्तनहरू प्रभाव पार्न तैनाथ गरिएको थियो ।"

ह्वाइट हाउसले प्रमुख कानुन र राष्ट्रपतिको आदेशहरू अगाडि बढाउँदै गर्दा पनि बाइडेन बौद्धिक गिरावटबाट पीडित रहेको रिपब्लिकनहरूले लामो समयदेखि दावी गर्दै आएका छन् । उनीहरूले उहाँका कम सार्वजनिक उपस्थितिहरू, साथै अन्तर्वार्ता दिन उहाँको स्पष्ट अनिच्छालाई संयुक्त राज्य अमेरिकाको कमाण्डर-इन-चीफको माग गर्ने काम गर्न असक्षम व्यक्तिको प्रमाणका रूपमा उल्लेख गर्छन् ।

उहाँ वरपरका मानिसहरूले उहाँको शारीरिक र संज्ञानात्मक गिरावटलाई ढाक्ने, उहाँको तर्फबाट निर्णय लिने र उहाँको हस्ताक्षर पुनः उत्पादन गर्न सक्ने उपकरण प्रयोग गरेर उनीहरूलाई उहाँको नाममा देश चलाउन अनुमति दिने कुरामा जोड दिन्छन् ।

"राष्ट्रपतिका वकिलले महान्यायाधिवक्ता र कुनै पनि अन्य सान्दर्भिक कार्यकारी विभाग वा एजेन्सीका प्रमुखसँग परामर्श गरेर... केही व्यक्तिहरूले बाइडेनको मानसिक अवस्थाबारे जनतालाई धोका दिन षड्यन्त्र रचेका छन् र राष्ट्रपतिको अधिकार र जिम्मेवारीहरू असंवैधानिक रूपमा प्रयोग गरेका छन् कि छैनन् भनेर अनुसन्धान गर्नेछन्", दस्तावेजमा भनिएको छ ।

अनुसन्धानले 'बाइडेनको कार्यकालका अन्तिम वर्षहरूमा उहाँले गरेको भनिएका असङ्ख्य कार्यकारी कार्यहरूको वरपरका परिस्थितिहरू (सहित) अटोपेन प्रयोग गरिएका नीतिगत कागजातहरू (र) राष्ट्रपतिको हस्ताक्षर टाँस्न कसले निर्देशन दियो' भन्ने कुराहरू पनि हेर्नेछ ।

बाइडेनको विनाशकारी बहस प्रदर्शनले अन्ततः उहाँको पुनः निर्वाचनको प्रयासलाई डुबाएको थियो र मुख्य डेमोक्रेटिक पार्टीका व्यक्तित्वहरूले चाँडै उहाँलाई दौडबाट बाहिरिन आह्वान गरेका थिए ।

तर केही हप्तापछि मात्र आफ्ना आलोचकहरूलाई मौन पार्ने असफल प्रयासहरू पछि उहाँले प्रतिस्पर्धाबाट आफ्नो उम्मेदवारी फिर्ता लिनुभयो र आफ्ना उपराष्ट्रपति कमला ह्यारिसलाई उम्मेदवार बनाउनुभयो । ह्यारिस अन्ततः ट्रम्पसँग पराजित हुनुभयो ।

## युक्रेनमा रुसी ड्रोन आक्रमणमा ५ को मृत्यु

किएभ, २२ जेठ (रासस/एएफपी) ।

उत्तरी युक्रेनी सहर प्रिलुकीमा रुसी ड्रोन हमलामा पाँच जनाको मृत्यु भएको र अन्य छ जना घाइते भएको युक्रेनी अधिकारीले बिहीबार बताएका छन् । "भग्नावशेषमुनि फेला परेका दुई महिला र एक वर्षीय बालकसहित पाँच जनाको मृत्यु भएको रिपोर्ट गरिएको छ", चेर्निगिभका क्षेत्रीय अधिकारी व्याचेस्लाभ चौसले टेलिग्राममा लेख्नुभएको छ, "छ जना घाइते भएका छन् र अस्पतालमा भर्ना भएका छन्, विस्फोटले आवासीय क्षेत्रका घरहरूमा क्षति पुऱ्याएको छ ।"

सन् २०२२ को फेब्रुअरीमा रुसले युक्रेनमा आक्रमण गरेपछि दशौं हजार मानिस मारिएका छन्, पूर्वी र दक्षिणी युक्रेनका क्षेत्रहरू ध्वस्त भएका छन् र लाखौं मानिस आफ्नो घर छोड्न बाध्य भएका छन् । युक्रेनले रूसी भूमिमा बदला लिएको छ, सप्ताहन्तमा रूसी सैन्य एयरबेसहरूमा नाटकीय ड्रोन आक्रमण गरी अर्बौं डलरको आणविक हतियार बोक्न सक्ने विमानहरू नष्ट गरेको छ ।

रुसी नेता भ्लादिमिर पुटिनले किएभको आक्रमणको बदला लिने बताउनुभएको छ र युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीसँग युद्धविराम वा प्रत्यक्ष वार्तालाई अस्वीकार गरेको देखिन्छ । बुधबार युक्रेनको दक्षिण भागमा रूसले कब्जा गरेको खेरसन क्षेत्रमा भएको बम विष्फोटले यस क्षेत्र बिजुलीविहीन भएको गभर्नर भ्लादिमिर साल्डोले बताउनुभएको छ ।

## गाजामा इजरायली हमलामा १० को मृत्यु

गाजा सिटी (प्यालेस्टिनी क्षेत्रहरू), २२ जेठ (रासस/एएफपी) ।

गाजामा भएको इजरायली आक्रमणले बिहीबार प्यालेस्टिनी क्षेत्रमा कम्तीमा १० जनाको ज्यान लिएको तथा सेनाले तीव्र आक्रमण जारी राखेको गाजाको नागरिक सुरक्षा एजेन्सीले जनाएको छ । एजेन्सीका प्रवक्ता महमुद बासलले भन्नुभयो, "बिहानदेखि इजरायली आक्रमणबाट अहिलेसम्म १० जना शहीद भएका छन् ।"

आक्रमणहरूले दक्षिणी सहर खान युनिस र गाजा सहर र मध्य सहर देइर अल-बालाहका घरहरूमा विस्थापित नागरिकहरूले शरण लिइरहेका क्षेत्रलाई लक्षित गरेका थिए । इजरायली सेनाले घटनाको बारेमा कुनै टिप्पणी गरेको छैन । हमासलाई पराजित गर्ने प्रयास स्वरुप इजरायलले पछिल्लो समयमा गाजामा आक्रमण अझ तीव्र बनाएको छ ।

# विश्व वातावरण दिवसको अवसरमा वृक्षारोपण



**दैनिक समाचारदाता राजविराज, २२ जेठ ।**

विश्व वातावरण दिवसको अवसरमा विहिबार सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकाको दुई वटा वडामा वृक्षारोपण गरिएको छ ।

प्लाष्टिक प्रदुषण नियन्त्रण हाम्रो दायित्व नाराका साथ सो गाउँपालिका वडा नं. ४ स्थित रामजानकी मन्दिर नजिक जिता नदीको बाँधमा महगनी, सिसौ लगायत विभिन्न जातका सय वटा विरुवा रोपियो ।

गाउँपालिकाको समन्वय तथा ग्रामीणमुखि युवा अभियान नेपाल/एईआईएन लग्जेम्बर्ग, सबल नेपाल, समावेशी अपाङ्ग संघ/सिविएम ग्लोबल सँगको सहकार्यमा सो ठाउँमा वृक्षारोपण गरिएको हो ।

वडा नं. ४ का वडा अध्यक्ष मुनिलाल मुखियाको अध्यक्षता तथा गाउँपालिकाका उपाध्यक्ष फुलकुमारी साहको प्रमुख आतिथ्यमा आयोजित सो कार्यक्रममा गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश कुमार झा, सबल नेपालका कार्यक्रम संयोजक मनिष महर्जन, ग्रामीणमुखि युवा अभियान नेपालका कार्यक्रम संयोजक ओम प्रकाश चौधरी, समावेशी अपाङ्ग संघका उपाध्यक्ष कपिलदेव मण्डल र ज्ञानेन्द्र कुमार झा सहितकाले विश्व वातावरण दिवसको आवश्यकता, महत्व र औचित्यमाथि प्रकाश पारेका थिए ।

यस्तै वडा नं. २ लौनियाँस्थित उमेश्वर आधारभूत विद्यालयमा ३० थान आँप तथा लिच्चीको विरुवा रोपियो । सो वृक्षारोपण कार्यक्रममा वडा अध्यक्ष कमल कुमार मण्डल, विपद् व्यवस्थापन अधिकृत राजेश कुमार झा, सबल नेपालका कार्यक्रम संयोजक मनिष महर्जन, कार्यक्रम अधिकृत क्षितिज भट्ट, विद्यालयका प्रधानाध्यापक गंगाप्रसाद खंग, आसमान नेपालका काशिन्द्र शर्मा लगायतको सहभागिता रहेको थियो ।

गाउँपालिकाको समन्वय तथा सबल नेपाल, समावेशी अपाङ्ग संघ/सिविएम ग्लोबल, ईसिमोड, मर्सि कोर्प्स, आसमान नेपालसँगको सहकार्यमा सो विद्यालयमा वृक्षारोपण गरिएको हो ।

# मधेश सरकारद्वारा योजना खरिद बिक्री सम्बन्धमा विशेष छानविन समिति गठन

**दैनिक समाचारदाता जनकपुर, २२ जेठ ।**

मधेश प्रदेशमा चालू आर्थिक वर्षको योजना खरिद बिक्री भएको आरोप लागेपछि प्रतिपक्षी दलको दबावमा सरकारले विशेष छानविन समिति गठन भएको छ ।

सत्तारुढ र प्रतिपक्षी दलको सहमतिअनुसार बिहीबारको प्रदेशसभा बैठकमा सभामुख रामचन्द्र मण्डलले संसदीय छानविन विशेष समिति घोषणा गरेका हुन् । उनले विकास योजना तथा कार्यक्रम सम्बन्धमा संसदमा कुरा उठेकाले समिति बनाएको जानकारी दिए ।

उनका अनुसार समितिमा साँसदहरु केशव राय, कुमरकान्त झा, किरण कुमारी, शम्भु कुमार साह, रहबर अन्सारी, रमिता प्रधान, कनिष्क पटेल, उर्मिलादेवी सिंह, कञ्चन विच्छा र विमला अन्सारीलाई राखिएको छ ।

चालू आर्थिक वर्षमा मन्त्रीहरुले सचिवालयमार्फत् दलाललाई योजना बेचेको भन्दै प्रतिपक्षी जसपा नेपाल र नेकपा माओवादी केन्द्रले पटक पटक संसद अवरुद्ध गरेको थियो । तर छानविन गर्न सरकार आनाकानी गर्दै आएको थियो ।

सभामुख रामचन्द्र मण्डलले समिति गठनका लागि रुलिङ गरेको झण्डै दुई महिना बित्दा पनि नगरेको भन्दै बुधवार बसेको प्रदेशसभा बैठक पनि प्रतिपक्षी दलले अबरुद्ध गरेको थियो ।

# सर्पदंशका कारण वन कर्मचारीको मृत्यु

**दैनिक समाचारदाता महोत्तरी, २२ जेठ ।**

महोत्तरीमा बिहीबार बिहान सर्पदंशका कारण एक वन कर्मचारीको मृत्यु भएको छ ।

मृत्यु हुनेमा गौशाला नगरपालिका वडा नम्बर १० लक्ष्मीनियाँमा अवस्थित डिभिजन वन कार्यालयमा करार सेवामा कार्यरत १७ वर्षीय रुपेश महतो रहेको डिभिजन वन कार्यालयका प्रमुख अजय मिश्रले बताए ।

गौशाला-१० बटौवा गाउँटोल निवासी राजकुमार महतोका छोरा रुपेश विगत एक वर्षदेखि डिभिजन वन कार्यालयमा भान्सेको रुपमा करार सेवामा कामकाज गर्दै आएकामा बुधबारराति सबैलाई खाना खुवाएर कार्यालयमै सुतिरहेको अवस्थामा करीब १ बजे उनलाई सर्पले डसेको थियो । विषालु कोब्रा सर्पले उनको पेटमा एक पटक र तीघ्रामा दुई पटक गरी तीन ठाउँमा डसेको थियो ।

सर्पले डसेर सिकिस्त भएका कर्मचारी महतोलाई तत्कालै उपचारका लागि बर्दिबास सर्पदंश उपचार केन्द्रमा लगिएको थियो भने उनको त्यहाँ अवस्थामा सुधार नभएपछि थप उपचारका लागि बिहीबार बिहान करीब ५ बजे जनसेवा अस्पताल बर्दिबासमा लगिएको थियो ।

उनको सोही अस्पतालमा उपचारको क्रममा चिकित्सकले मृत घोषणा गरेको डिभिजन वन कार्यालयका प्रमुख मिश्रले बताए ।

# प्रदूषण न्यूनीकरण गर्दै वातावरणमैत्री प्रविधि अवलम्बन गर्नु अहिलेको आवश्यकता : उपराष्ट्रपति यादव

काठमाडौं, २२ जेठ (रासस) ।

उपराष्ट्रपति रामसहायप्रसाद यादवले दिगो विकासका लक्ष्य प्राप्त गर्न वातावरणीय प्रदुषण न्यूनीकरण गर्दै वातावरणमैत्री प्रविधि अवलम्बन गर्नुपर्ने आवश्यकता औँल्याउनुभएको छ ।

विश्व वातावरण दिवसका अवसरमा बिहीबार शुभकामना व्यक्त गर्दै उपराष्ट्रपति यादवले हिमाली क्षेत्रमा जलवायु परिवर्तनले हिउँको मात्रा घट्दा गएको र वनक्षेत्रको विनाशले जैविक विविधतामा खतरा निम्त्याएको उल्लेख गर्नुभयो । शुभकामना सन्देशमा भनिएको छ, "नदी तथा जलस्रोतको दुषित अवस्थाले सुरक्षित खानेपानीको अभाव सिर्जना भएको छ । अतिवृष्टि, अनावृष्टि, खडेरी, सुक्खाग्रस्त समस्याको चपेटामा हामी पर्दै गएका छौं । तराई-मधेस क्षेत्रमा त भूमिगत पानीका स्रोतहरू सुक्दै गएका छन् वा पानीको सतह निक्कै तल गइसकेको अवस्था छ ।"

उपराष्ट्रपति यादवले नेपाल प्राकृतिक सौन्दर्यले भरिपूर्ण मुलुक भए पनि जलवायु परिवर्तनका विविध असरले निकै समस्या उत्पन्न भइरहेको भन्दै यसविरुद्ध सबैको सहकार्य जरूरी रहेको उल्लेख गर्नुभएको छ । "हाल हिमालको हिउँ पग्लने, नदीहरूमा प्रदुषण, वायु प्रदूषण, वन विनाश, चुरे विनाशजस्ता गम्भीर चुनौती देखापरेका छन् । कतिपय ठाउँमा इनार, कुवा, चापाकललगायतमा पानी आउनै छाडेको छ, यस सन्दर्भमा स्थानीय सरकार, निजी क्षेत्र तथा नागरिक समाजबीचको सहकार्य अनिवार्य छ ।"

प्रत्येक वर्ष ५ जुनमा विश्व वातावरण दिवस मनाइन्छ । संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रम (युएनइपी) को नेतृत्वमा मनाइने विश्व वातावरण दिवस–२०२५ को मूल नारा 'प्लास्टिक प्रदूषणको अन्त्य' रहेको छ । उपराष्ट्रपति यादवले नवीकरणीय ऊर्जा स्रोत प्रवर्द्धन, वन्यजन्तु तथा जैविक विविधताको सुरक्षा सुनिश्चित, कृषि तथा औद्योगिक उत्पादनमा वातावरणमैत्री प्रविधि अपनाउने र व्यक्तिगत तथा सामुदायिक तहमा वातावरण संरक्षणका पहलहरूलाई प्रोत्साहित गर्ने कार्यमा जोड दिन जरूरी रहेको पनि बताउनुभएको छ ।

पर्यावरण संरक्षण सरकारको मात्र जिम्मेवारी नभएर हामी सबैको साझा कर्तव्य भएको उल्लेख गर्दै उहाँले हरेकले आफ्नो दैनिक जीवनमा साना परिवर्तनहरू गरेर पनि वातावरण सुधारमा महत्वपूर्ण योगदान पुऱ्याउनसक्ने उल्लेख गर्नुभयो । "खासगरी, वृक्षरोपण अभियानलाई प्राथमिकता दिने, पानी तथा ऊर्जाको बचत गर्ने एवं सरसफाइ तथा वातावरणमैत्री प्रविधि अपनाउन सक्नुपर्दछ", उपराष्ट्रपति यादवले भन्नुभएको छ ।

वातावरण संरक्षणमा सबैको योगदान उत्तिकै महत्वपूर्ण भएपनि युवाहरूको भूमिका झनै बढी भएको उहाँको भनाइ छ । युवाले पर्यावरण संरक्षणमा नवीनतम समाधानहरू खोज्न, जागरूकता अभियान सञ्चालन गर्न तथा सकारात्मक व्यवहार परिवर्तनको नेतृत्व लिन सक्ने उहाँको विश्वास छ ।

# जुनसुकै बेला जेसुकै हुन सक्छ, तयार भएर बस्नुहोस् : गृहमन्त्री

काठमाडौं, २२ जेठ (रासस) ।

गृहमन्त्री रमेश लेखकले विपद्को जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा जुनसुकै बेला जेसुकै हुन्छ भन्ने मानसिकतामा रहन नेपाल प्रहरीलाई निर्देशन दिनुभएको छ । बुधबार सामाखुसीस्थित नेपाल प्रहरीको विपद् व्यवस्थापन कार्यालयको निरीक्षणका क्रममा गृहमन्त्री लेखकले यस्तो निर्देशन दिनुभएको हो ।

"जुनसुकै बेला जेसुकै हुन सक्छ । त्यो मानसिकताका साथ बस्नुपर्छ । मनसुनजन्य विपद्को पूर्वानुमान हुन्छ । तर, भूकम्प र आगलागीको पूर्वानुमान हुँदैन", उहाँले भन्नुभयो, "हामी मनसुनको पूर्वसन्ध्यामा छौं । मनसुन सक्रिय भएपछि बाढी र पहिरो आउँछ । त्यसको पूर्वतयारीमा हामी तयार रहनुपर्छ ।" विपद्को व्यवस्थापन पनि नेपालको जिम्मेवारी दिएको भन्दै चौबिसै घण्टा तयार रहन गृहमन्त्री लेखकले निर्देशन दिनुभयो ।

"विपद्को जोखिम न्यूनीकरण र व्यवस्थापन नेपाल प्रहरीको जिम्मेवारी हो भनेर कानुनमै उल्लेख छ । नेपाल प्रहरीको उपस्थिति नागरिक तहमा विशाल छ । मानिसमा प्रहरीप्रति आशा र भरोसा बढ्दो छ । विपद्मा मानिसले सबैभन्दा पहिलो प्रहरी नै खोज्छ । हामीले जनताको भावनालाई सेवाको भावले सम्बोधन गर्नुपर्छ", उहाँले भन्नुभयो ।

अहिले बाढी, पहिरो र डुबानको जोखिम न्यूनीकरण र व्यवस्थापनको तयारी अवस्थामा रहनुपर्ने उहाँको भनाइ थियो । "मनसुनजन्य विपद्का लागि आजदेखि तयार हुनुपर्‍यो । समयमै पूर्वसूचना गराउन र उद्दारका लागि तयार अवस्थामा बस्न जरूरी छ । जेठ २८ गतेदेखि मनसुन सक्रिय हुने अनुमान छ", उहाँले भन्नुभयो ।

यसपटक पहिलेकोभन्दा नेपाल प्रहरीको बजेट बढेको भन्दै तलब, पोशाक, महँगी भत्तामा कुनै समस्या नहुने उहाँको भनाइ थियो । यस्तै नेपाल प्रहरीको ऐन संशोधनका लागि सङ्घीय संसद्को राज्यव्यवस्था तथा सुशासन समितिमा चाँडै छलफल सुरू हुने गृहमन्त्री लेखकले बताउनुभयो ।

# मधेस प्रदेशमा शुक्रबार नीति तथा कार्यक्रम प्रस्तुत हुने

**दैनिक समाचारदाता जनकपुर, २२ जेठ ।**

मधेस प्रदेश सरकारले शुक्रबार संसद्मा नीति तथा कार्यक्रम ल्याउँदै छ । मधेसको प्रदेश सभामा प्रदेश प्रमुख सुमित्रा भण्डारीले नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यतालिका छ ।

कृषिलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम ल्याउन लागिएको नीति आयोग मधेसका उपाध्यक्ष डा. सोहन साहले बताए । उनका अनुसार पहिलाको भन्दा फरक नीति तथा कार्यक्रमहरू ल्याउन लागिएको हो । 'इन्टर कनेक्टेड वे' मा नीति तथा कार्यक्रम ल्याउन लागिएको उनको भनाइ छ ।

विशेषत शिक्षा, स्वास्थ्य, कृषि र रोजगारीमा व्यवसायीकरण गर्ने काम प्राथमिकतामा राखिएको उनको भनाइ छ । आन्तरिक उत्पादन बढाउँदै युवाहरूको रोजगारीलाई प्राथमिकतामा राखेर योजनाहरू तयार पारिको उनले बताए ।

# सार्वजनिक यातायात सेवामा बन्द, हडताल नगर्न आदेश

**दैनिक समाचारदाता काठमाडौं, २२ जेठ ।**

सर्वोच्च अदालतले सार्वजनिक यातायात सेवामा बन्द, हडताल नगर्न यातायात व्यवसायीको नाममा अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ ।

न्यायाधीश नित्यानन्द पाण्डेयको इजलासले नागरिकलाई प्रत्यक्ष असरपर्ने सार्वजनिक यातायात सेवामा बन्द हड्ताल नगर्न अल्पकालीन आदेश दिएको हो । अदालतले अल्पकालीन आदेशलाई निरन्तरता दिने वा नदिने विषयमा दुवै पक्षलाई छलफलका लागि बोलाएको छ ।

अधिवक्ता विमल पोखरेलले सार्वजनिक यातायात ठप्प पारी व्यवसायीहरूले नागरिकको संवैधानिक हक हनन् गरेको उल्लेख गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए ।

### राजावादीको ...

अर्थहिन रहेको टिप्पनी गरे ।

पूर्वराजा समर्थकले आन्दोलन गर्नु गणतन्त्र विरोधी गतिविधि भएकाले जनताको त्याग र सङ्घर्षबाट आएको गणतन्त्रविरुद्धका कार्य स्वीकार्य नहुने उनले उल्लेख गरे ।

सभापति देउवाले गृहमन्त्रीको राजीनामा माग गर्नु तर्कहीन रहेको भन्दै संसद् अवरोध नगर्न प्रतिपक्ष दललाई आग्रह समेत गरे ।

सभापति देउवा धनुषामा शुक्रबारसम्म हुने विभिन्न कार्यक्रममा सरिक हुने कार्यसूची रहेको छ ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*